# रौतामाई गाउँपालिका

जिल्ला, उदयपुर, कोशी प्रदेश,नेपाल

## स्थानीय राजपत्र

रौतामाई गाउँपालिकाबाट प्रकाशित

खण्डः १०, संख्याः ०१ मितिः असाढ २५ , २०८३


भागः २

## आपतकालिन बाल उद्धार कोष सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः** स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न तथा बालबालिकाको वचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न बाञ्छनीय भएकोले,

नेपाल सरकारको बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ७ (१०) ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाको कार्यपालिकाबाट यो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याईएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "आपतकालिन बाल उद्धार कोष सञ्चालन कार्यविधि, "२०८३" रहेको छ।

(२) यो कार्यविधि रौतामाई गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

प्रमाणित गर्ने !-

वीरेन्द्र कुमार मगर
अध्यक्ष

प्रमाणित गर्ने !-

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले बालबालिका सम्वन्धी नियमावली, २०७८भन्ने सम्झनु पर्छ।

(ग)"कार्यविधि" भन्नाले आपतकालिन बालउद्धार कोष सञ्चानल कार्यविधि,२०८३ सम्झनु पर्छ।

(घ)"बालबालिका" भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ङ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ र बालबालिका सम्वन्धी नियमावली, २०७८ को नियम ८१ बमोजिम रौतामाई गाउँपालिकाको कार्यपालिकाले नियुक्त गरेको वा तोकेको बाल कल्याण अधिकारी सम्झनु पर्छ ।

(च)"बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण सहायताका लागि रौतामाई गाउँपालिकामा खडा गरिएको आपतकालिन बाल उद्दार कोष भन्ने सम्झनु पर्छ।

(छ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिक" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(ज) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ र नियमावलीको नियम ८३ बमोजिम रौतामाई गाउँपालिकामा नियुक्त वा सुचिकृत समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी स्थानीय तहमा बालबालिंकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवं सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले रौतामाई गाउँपालिका भन्ने सम्झनु पर्छ।

(ञ)"अध्यक्ष" भन्नाले रौतामाई गाउँपालिकाको अध्यक्ष भन्ने सम्झनु पर्छ।

(ट)"उपाध्यक्ष" भन्नाले रौतामाई गाउँपालिकाको उपाध्यक्ष भन्ने सम्झनु पर्छ।

(ठ)"वडा अध्यक्ष" भन्नाले रौतामाई गाउँपालिका अन्तर्गतको वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु पर्छ।

(ड)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रौतामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्छ ।

(ढ)"समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको रौतामाई गाउँपालिकाको बाल अधिकार समिति भन्ने सम्झनु पर्छ। यसले वडा स्तरमा गठन भएको समिति समेतलाई जनाउनेछ ।

वीरेन्द्र कुमार मगर
अध्यक्ष

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

(ण)"बालअधिकार समिति अध्यक्ष" भन्नाले रौतामाई गाउँपालिकाको स्थानीय बालअधिकार समितिको अध्यक्षलाई संझनुपर्छ ।

(त)"परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(थ)"सेवा प्रदायक निकाय" भन्नाले रौतामाई गाउँपालिकामा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनु पर्छ ।

(द) "प्रदेश मन्त्रालय" भन्नाले कोशी प्रदेश, सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ध)"मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका,लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय भन्ने सम्झनु पर्छ।

(न)"प्रदेश समिति" भन्नाले कोशी प्रदेश को प्रदेश बाल अधिकार समिति भन्ने सम्झनु पर्छ।

(प)"संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य

उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) रौतामाई गाउँपालिकाका आपतकालिन अवस्थामा परेका बालबालिकाहरुलाई आपतकालिन सहयोग उपलव्ध गराउन ।

(ख) रौतामाई गाउँपालिकामा आपतकालिन अवस्थामा बालबालिकाहरुलाई उद्दार, राहत र संरक्षण प्रदान गर्न ।

(ग)रौतामाई गाउँपालिकामा आपतकालिन सहयोगका लागि सहयोगी निकायहरुलाई एकद्वार प्रणालीवाट कार्यान्वयनमा सहजिकरण गर्न ।

## परिच्छेद -३

## बालकोष सञ्चालन सम्वन्धी व्यवस्था

वीरेन्द्र कुमार मगर
अध्यक्ष

सितारोज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुडार, उदयपुर
कोशी प्रदेश, नेपाल

<u>३.१. बालकोष</u>: (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ रौतामाई गाउँपालिकास्तरमा एक आपतकालिन बाल उद्दार कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) रौतामाई गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने दान,दातव्य तथा चन्दा सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिकाविरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) अन्य तोकिएका आम्दानी

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनी मध्यपान, धुम्रपान जस्ता बालबालिकाको स्वास्थ्यमा हानिकारक व्यापारिक प्रतिष्ठानहरुवाट प्राप्त हुने सहयोगलाई स्वीकार गरिनेछैन ।

<u>३.२ कोषको प्रयोग प्रयोजन</u>: १) देहाय बमोजिमको प्रयोजनको लागि बालकोषको प्रयोग गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको घटना व्यवस्थापन प्रकृयामा पीडित वा प्रभावित बालबालिकाको मनोसामाजिक तथा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्ने कार्य गर्न,

(घ) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

२) बालकोषबाट गरिने बालवालिकाको सहयोगका लागि देहाय अनुसारको कागजात पेश गर्नुपर्नेछ ।

वीरेन्द्र कुमार मगर
अध्यक्ष

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

क) सहयोग माग सम्वन्धी निवेदन

ख) सम्वन्धित वडाको सिफारिस

ग) जन्मदर्ता

घ) जन्मदर्ता नहुने बालबालिकाको हकमा मान्यता प्राप्त चिकित्सकवाट उमेर निर्धारण गरेको कागज

३.४ बालकोषको खर्चका सीमाः (१) बालकोषको रकम देहायका अवस्थामा स्थानीय बाल अधिकार समितिको निर्णयबाट खर्च गर्न सकिने छः

(क) दफा ३.२ बमोजिमका बालबालिकाको एउटा घटनालाई अधिकतम रु.१०,०००/- सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) दफा ३.२ बमोजिमका बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम एउटाको लागी रू.२०,०००/- सम्म

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षण वापत अधिकतम प्रति बालबालिका रू.१०,०००/- सम्म

(घ) कुनैपनि वेला बालबालिकालाई आपतकालिन व्यवस्था गर्नुपरेमा तत्काल खर्च गर्न वालकल्याण अधिकारीको जिम्मेवारीमा रु.२०,०००/- सम्म नघट्ने गरी सानो नगदी कोषको व्यवस्था गरि खर्च गरिनेछ ।

(ङ) घटना व्यवस्थापन प्रकृयामा बालमनोसामाजिक र सामाजिक प्रतिवेदन तयार वापतको रकम बालअधिकार समितिको निर्णय बमोजिम उपलव्ध गराईनेछ ।

(च) दफा ३.२ बमोजिमका बालबालिको घटनाको प्रकृति अनुसार गम्भिरताको आधारमा बाल अधिकार समितिले निर्णय बमोजिम समेत खर्च गर्न सकिनेछ।

२) बालकोष तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

## परिच्छेद ४

## कोष सञ्चालन संयन्त्र र सञ्चालन विधि

### ४.१ आपतकालिन बालउद्धार कोष सञ्चालन समिति

वीरेन्द्र कुमार मगर
अध्यक्ष

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१) रौतामाई गाउँपालिकाको आपतकालिन बालउद्धार कोष सञ्चालनको लागि एक सञ्चालक समिति रहनेछ । समितिमा निम्नानुसारको पदाधिकारीहरु रहनेछन ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : स्थानीय बालअधिकार समितिले तोकेको एकजना महिला सदस्य सहित २ जना सदस्य

सदस्य : लेखा प्रमुख

सदस्य सचिव : बालकल्याण अधिकारी

२) समितिको काम, कर्तव्य र अधिकार

क) आपतकालिन सहयोग उपलव्ध गराउनु पर्ने बालबालिकालाई सहयोग उपलव्ध गराउने विषयमा निर्णय गर्ने ।

ख) स्थानीय बालअधिकार समितिले निर्णय गरेबमोजिम कोषमा बजेटको प्रवन्ध गर्ने ।

ग) आपतकालिन बालउद्धारका विषयमा तत्काल कार्य गर्नुपर्ने विषयमा निर्णय गरी कार्यान्वयन गर्ने ।

घ) कोषबाट गरिएको खर्च सम्वन्धी कार्यहरु स्थानीय बालअधिकार समितिबाट अनुमोदन गराउने ।

ङ) कोष सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्ने।

<u>४.२. कोषको खाता सञ्चालन:</u> (१) कोषको रकम समितिको निर्णयले गाउँपालिकाको विविध खातामा आपतकालिन बालउद्धार कोष शिर्षकमा जम्मा गरी कारोवार गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि रौतामाई गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

<u>४.३ कोषको लेखा र लेखा परीक्षण:</u> (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ।

४.४ अभिलेख राख्नुपर्ने : आपतकालिन बालउद्धार कोषबाट प्रदान गरिएको सेवाको अभिलेख बालकल्याण अधिकारीले राख्नुपर्नेछ ।

४.५ अनुगमन र मुल्यांकन : आपतकालिन बालउद्धार कोषको कार्यको अनुगमन र मुल्यांकन स्थानीय बालअधिकार समितिले गरी सको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

परिच्छेद-५

वीरेन्द्र कुमार मगर
अध्यक्ष

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## विविध

**५.१) कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**५.२ संसोधन गर्न सकिनेः** यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ।

**५.३.खारेजी र बचाउः** यो कार्यविधि बालबालिका सम्वन्धी प्रचलित नेपाल सरकार तथा कोशी प्रदेश सरकारको कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ।

आज्ञाले,
लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार नगर
अध्यक्ष

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत